# अरुण काबेली पावर लिमिटेड
दोस्रो तल्ला, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौं
फोन नं.: ०१-५१११०८५/५१११०८६
Email : Info@arunkabeli.com Web: www.arunkabeli.com


# एघारौं वार्षिक साधारण सभा सम्बन्धि सूचना

**प्रथम पटक प्रकासित मिति २०७८/०५/०२**

यस कम्पनीको मिति २०७८/०५/०१ गते मंगलवार बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको एघारौं वार्षिक साधारण सभा कोभिड १९ को महामारीको कारण नेपाल सरकारले जारी गरेको सुरक्षा मापदण्डको पूर्णपालना गरी सभा सम्पन्न गर्नुपर्ने विशेष परिस्थितिका कारण देहायका विषयहरूमा छलफल तथा निर्णय गर्नको लागि मिति २०७८/०५/२६ गते शनिवार बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूलाई Virtual माध्यमबाट उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान**

मिति : २०७८ भाद्र २६ गते शनिबार (11th September 2021, Saturday)

समय : बिहान ११ बजे देखि

स्थान : संस्थाको प्रधान कार्यालय, ट्रेड टावर नेपाल थापाथली, काठमाडौंवाट Zoom App को सहायताबाट सभा सञ्चालन हुनेछ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषय सूची**

**(क) सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/७८ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरू छलफल गरी पारित गर्ने।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व.२०७८/०७९ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने।

४. एघारौ वार्षिक साधारण सभा प्रयोजनका लागि शेयर दाखिला खारेज बन्द भएको मितिसम्म कायम शेयरधनीहरुलाई आ.व. २०७७/०७८ को मुनाफाबाट चुक्ता पूँजीको ०.८९ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांश वितरण गर्ने।

**(ख) विशेष प्रस्ताव :**

१. कम्पनीको आर्थिक वर्ष २०७७/०७८ को मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पूंजीको १७ प्रतिशतका दरले वोनश शेयर वितरण गर्ने।

२. बोनश शेयर वितरण पश्चात् कम्पनीको पूंजी बृद्धि हुने भएकाले सो प्रयोजनका लागि प्रबन्धपत्र तथा नियमावलीका दफाहरुमा संशोधन गर्ने।

३. आर्थिक वर्ष २०७७०७८ को मुनाफावाट १७ प्रतिशत बोनश शेयर वितरण पछि कायम चुक्ता पूँजीमा १ वरावर १ का दरले हकप्रद शेयर निष्काशनको लागी स्वीकृती प्रदान गर्ने।

४. हाल कम्पनीको संचालक समितिमा रहेका ७ जना सञ्चालकहरुको संख्या घटाएर सञ्चालक समितिको संख्यालाई ५ जनामा सीमित गर्ने।

५. कम्पनीको नियमावली तथा प्रवन्धपत्रमा आवश्यक संसोधन गरी कम्पनी रजिष्ट्रारको कार्यालयवाट स्विकृत लिने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्नुपरेमा सो गर्न सञ्चालक समितीलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

**(ग) विविध**

## साधारण सभा सम्बन्धि सामान्य जानकारीहरू

१) हालको कोभिड १९ को महामारीको कारण नेपाल सरकारले जारी गरेको सुरक्षा मापदण्डको पूर्ण पालना गरी सभा सम्पन्न गर्नुपर्ने विशेष परिस्थितिका कारण Virtual माध्यमबाट उपस्थितीको लागि हार्दिक अनुरोध छ।

२) Virtual माध्यमबाट उपस्थित शेयरधनीहरुलाई सभा हलमा उपस्थित भए सरह मान्यता दिईने छ। उपस्थित गणपूरक संख्या सभा संचालनको निमित्त निर्द्दिष्ट संख्या अनुसार पर्याप्त भएमा मात्र सभा संचालन हुनेछ।

३) Virtual माध्यमबाट उपस्थित शेयरधनीहरुको हाजिर निजहरुले गरेको Login मार्फत सबैको Login भएको देखिने गरी प्रमाणको निमित्त फोटो खिचेर राखिने छ साथै सभा संचालन अवधि भरीको भिडियो रेर्कडिंग गरिनेछ।

४) Meeting ID / Password को निमित्त कम्पनीको **Email Id: info@arunkabeli.com** मार्फत समयमै सम्पर्क गरी प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ। साथै अन्तिम समयमा सम्पर्क गर्दा शेयरधनीको पहिचान Verification गरी ID/Password समयमै पठाउन आइपर्न सक्ने प्राविधिक कठिनाईबाट बच्न कम्तिमा एक दिन अगावै ID/Password लिन समेत अनुरोध छ। साथै सोही Email Address मा साधारण सभाको प्रतिवेदन समेत पठाईनेछ।

५) Virtual माध्यमबाट आफ्नो मन्तव्य राख्न चहानुहुने शेयरधनि महानुभावहरुले कम्तिमा दुई दिन अगावै कम्पनी सचिव वा कम्पनीको आधिकारिक **Email: info@arunkabeli.com** मा सम्पर्क गरी नाम टिपोट गराउनहुन अनुरोध छ।

६) एघारौ वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको मिति २०७८ साल भाद्र १५ गते देखि २०७८ साल भाद्र २५ गते सम्म शेयरको दर्ता किताब बन्द रहने छ। लाभांश प्राप्त गर्न तथा साधारण सभां प्रयोजनका लागि २०७८ साल भाद्र १५ गते भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई ७ कार्य दिन भित्र दाखिल खारेजका लागि प्राप्त शेयरहरुबाट कायम रहेका शेयरधनीहरु लाभांश प्राप्त गर्न योग्य हुनेछन्।

७) एघारौ वार्षिक साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयर धनीहरूले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गर्नुपर्नेछ। तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी गरेमा प्रतिनिधि पत्र स्वतः बदर हुनेछ।

८) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयरदर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भागलिन सक्नु हुनेछ। कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयर वालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ।

९) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ। तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ।

१०) साधारण सभा सम्बन्धि अन्य कुराहरुको जानकारी आवश्यक भएमा कार्यालय समयमा कम्पनीको प्रधान कार्यालय ट्रेड टावर, थापाथली, काठमाण्डौमा सम्पर्क राखी लिन सकिने छ। थप जानकारीको लागि कम्पनीको वेबसाइट **www.arunkabeli.com** बाट प्राप्त गर्न सक्नु हुनेछ।

**सञ्चालक समितिको आज्ञाले**
सिर्जना खड्का
कम्पनी सचिव